# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ८) मुसिकोट,गुल्मी, जेठ ४ गते,२०८१ साल (संख्याः३

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

**मुसिकोट नगरपालिकाको शिक्षा नियमावली चौथो संसोधन २०८१**

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिका नगरकार्यापालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मुसिकोट नगरपालिकाको शिक्षा नियमावली (चौथो संसोधन ),२०८१

प्रस्तावना ः

मुसिकोट नगरपालिकाको शिक्षा नियमावली (यस पछि मूल नियमावली भनि सम्वोधन गरिएको) लाई संसोधन गर्न वाञ्छनीय भएकोले स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरकार्यपालिकाले शिक्षा नियमावलीलाई देहाय वमोजिम संसोधन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस नियमावलिको नाम "मुसिकोट नगरपालिकाको शिक्षा नियमावली (चौथो संसोधन ) २०८१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. **मूल नियमावलीको परिच्छेद-९,नियम ५०(प्रधानाध्यापक सम्वन्धी व्यवस्था) ,उपनियम १२ नया थप गरिएकोः**

१२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखीएको भएता पनि माध्यमिक र निम्न माध्यमिक तहमा प्रधानाध्यापकको नियुक्ति निम्न बमोजिम हुन सक्नेछ।

**क)** माध्यमिक तह सञ्चालित विद्यालयमा माध्यमिक तहको दरवन्दी नभएको खण्डमा यस नगरपालिकामा अन्यत्र माध्यमिक तहमा स्थायी दरवन्दीमा कार्यरत सम्भव भएसम्म प्रथम श्रेणी,क्रमशः द्बितीय, तृतीय,निमावि प्रथम र द्बितीय श्रेणीको स्नातकोत्तर तह उत्तिर्ण शिक्षकलाई दरवन्दी सहित प्रअ पदमा कार्यपालिकाको निर्णय बमोजिम खटाउन सकिने छ ।

**ख)** निम्न माध्यमिक तह सञ्चालित विद्यालयमा निम्न-माध्यमिक तहको दरवन्दी नभएको खण्डमा यस नगरपालिकामा अन्यत्र निम्न-माध्यमिक तहमा स्थायी दरवन्दीमा कार्यरत सम्भव भएसम्म प्रथम श्रेणी,क्रमशः द्बितीय र तृतीय श्रेणीको कम्तिमा स्नातक तह उत्तिर्ण स्थायी शिक्षकलाई दरवन्दी सहित प्रअ पदमा कार्यपालिकाको निर्णय बमोजिम खटाउन सकिने छ

**ग)** प्रअ पदमा खटाउनका लागी ईच्छुक योग्यता पुगेका शिक्षकहरुका लागी १५ दिनको सूचना जारी गरी विद्यालय विकास प्रस्ताव सहितको निवेदन आह्वान गरिने छ।

मुसिकोट राजपत्र

**घ)** प्राप्त निवेदन छानविन,मूल्याङ्कन गरी प्रअ छनौटका लागी नगरकार्यपालिकामा सिफारिस गर्न निम्न बमोजिमको समिति रहनेछ।

- नगरप्रमुख-संयोजक
- प्रमुख प्रशासकीय अधिकृत-सदस्य
- सामाजिक विकास समिति संयोजक-सदस्य

**ङ)** नियम १२ बमोजिम प्रअको रुपमा कुनै विद्यालयवाट दरवन्दी सहित पदस्थापन गर्दा कार्यरत विद्यालयमा कायम रहने दरवन्दी,विषयगत शिक्षकको अवस्था समेतलाई मध्यनजर गरिनेछ भने अनिवार्य अवकाश हुन ५ वर्ष वाकि रहेको शिक्षकलाई प्रधानाध्यापकको रुपमा खटाइनेछैन।

**च)** नियुक्त भई जाने प्रअको काम सन्तोषजनक नभएमा नगरकार्यपालिकावाट प्रअ पदवाट हटाउन,साविक वा अन्यत्र विद्यालयमा सरुवा गर्न सकिनेछ तर हटाउनु पुर्व निजलाई सफाईको मौका दिनुपर्नेछ।

**३. मूल नियमावलीको परिच्छेद-६,नियम ३४ (परीक्षा सञ्चालन तथा समन्वय समिति ) संशोधन गरिएकोः**

(१) नगर पालिकाको विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(क) शिक्षा अधिकृत –अध्यक्ष

(ख) विषय समिटिने गरी कार्यपालिकावाट मनोनित ५ जना –सदस्य

(ग) शिक्षा अधिकृतले तोकेको शिक्षक –सदस्य–सचिव

**प्रमाणिकरण मिति**
२०८१।२।३

**आज्ञाले,**
**चेतनाथ गिरी**

मुसिकोट राजपत्र

प्रमुख प्रशासकीय अधिकृत

मूल्य रू १०

मुसिकोट राजपत्र